स्थानीय सरकार
**लुम्बिनी साँस्कृतिक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः १० | संख्याः २ | मितिः २०८३/०२/०४ |

भाग-२

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गतका मुख्य शहरी क्षेत्रमा निजी सवारी साधनहरूको पार्किङलाई व्यवस्थित गरी फुटपाथमा सहजपूर्ण एवं सुरक्षितरूपमा हिँडडुल गर्न तथा बजार व्यवस्थापन गरी अव्यवस्थित सवारी साधन पार्किङको कारण हुनसक्ने सम्भावित दुर्घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले  सर्वसाधारणको जानकारीको लागि यो कार्यविधि जारी गरिएको छ।

## लुम्बिनी साँस्कृतिक नगरपालिकाका सवारी साधन पार्किङ व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावनाः**

लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गतका मुख्य शहरी क्षेत्रमा निजी सवारी साधनहरूको पार्किङ्गलाई व्यवस्थित गरी सडकका फुटपाथमा सहजपूर्ण एवं सुरक्षितरूपमा हिँडडुल गर्न तथा बजार व्यवस्थापन गरी अव्यवस्थित सवारी साधन पार्किङ्गको कारण हुनसक्ने सम्भावित दुर्घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले साना तथा निजी सवारी साधन पार्किङ्गलाई थप व्यवस्थापन तथा नियमन गर्नुपर्ने हुँदा लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को १०२ बमोजिम यो कार्यविधि जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नामः लुम्बिनी साँस्कृतिक नगरपालिकाका सवारी साधन पार्किङ्ग व्यवस्थापन कार्यविधि, २०८३ रहनेछ।

ख) यो कार्यविधि लुम्बिनी साँस्कृतिक नगरपालिका नगरकार्यपालिका बैठकबाट स्वीकृत भए पश्चात स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा**

क) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा "पार्किङ्ग स्थल" भन्नाले नगरपालिकाले सवारी साधन पार्किङ्गका लागि नियमानुसार तोकिएको स्थान वा कुनै व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको जग्गा वा कुनै पनि व्यक्ति वा संस्थाको नाममा रहेको जग्गा भाडा वा लिजमा लिएर सवारी साधन पार्किङ्ग स्थल सञ्चालन गर्न भनी तोकिएको स्थानलाई बुझ्नु पर्नेछ।

ख) यो कार्यविधि लुम्बिनी साँस्कृतिक नगरपालिकाले तोकेको स्थानमा लागू हुनेछ।

ग) "सेवाग्राहीलाई सेवा दिने हिसावले पार्किङ्ग गराइएको स्थान" भन्नाले : सेवाप्रदायक विभिन्न सरकारी तथा व्यवसायिक संस्थाहरूले आफ्ना सेवाग्राहीहरूलाई निःशुल्क रूपमा उपलब्ध गराउने पार्किङ्ग स्थल सम्झनुपर्नेछ। जस्तैः अस्पताल, शैक्षिक संस्थाहरू, चलचित्र भवन, वित्तीय संस्थाहरू, सपिङ्ग मल, व्यापारिक प्रतिष्ठानहरू, उद्योग तथा औद्योगिक प्रतिष्ठान, सरकारी तथा गैह्रसरकारी संस्थाहरू आदि।

घ) सवारी साधन भन्नाले हेभि, मझौला तथा साना सवारी साधन सम्झनुपर्दछ र सो शब्दले टेम्पो, अटो रिक्सा, वाईक, स्कुटर, ई रिक्सा आदिलाई समेत बुझाँउदछ।

**३. पार्किङ स्थल व्यवस्थापन तथा नियमन समिति**

क) पार्किङ्गस्थल सञ्चालन व्यवस्थापन तथा नियमनका लागि तपसिल बमोजिमको समिति रहनेछ।

१) उप प्रमुख - संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३) सम्बन्धित वडाका अध्यक्ष - सदस्य

४) नजिकको ट्राफिक कार्यालय वा ट्राफिक विटको प्रतिनिधी - सदस्य
५) राजस्व व्यवस्थापन शाखाका प्रमुख वा तोकिएका शाखा प्रमुख - सदस्य
६) नगर प्रहरी प्रमुख - सदस्य
७) नगरपालिकाको प्रशासन शाखाको प्रमुख - सदस्य सचिव
ख) समितिले आवश्यकता अनुसार अन्य संस्था वा व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

**४. पार्किङ्ग स्थल, शुल्क तथा जरिवाना**

क) नगरपालिकाले नगरक्षेत्रको सवारी आवगमनमा सडकमा सवारी साधन पार्किङ्ग गरी राख्दा सवारी आवगमनमा अवरोध हुने, सडकमा पार्किङको कारण हुन सक्ने दुर्घटनालाई न्युनीकरण गर्न राजमार्ग, बाइपास सडक, फिडर सडक तथा नगरले तोकेका अन्य सडकहरूमा पार्किङ्ग निरूत्साहित गर्ने नीति अबलम्वन गरिने छ।

ख) नगरले सरोकारवालाहरू, सुरक्षा निकाय तथा ट्राफिक प्रहरीसँगको समन्वयमा पार्किङ्ग निषेधित सडक, सशुल्क पार्किङ्ग क्षेत्र, एकतर्फी पार्किङ्ग व्यवस्था, एकतर्फी सडक (वन वे) गर्न सक्ने छ।

ग) पार्किङ्ग स्थानमा लाग्ने पार्किङ्ग शुल्क नगरपालिकाले तोके बमोजिम हुनेछ।

घ) यस कार्यविधि बमोजिम नगरपालिकाले तोकेको क्षेत्रमा व्यवसायिक रूपमा सवारी साधन पार्किङ्ग व्यवस्थापनका लागि संस्था वा व्यक्तिले प्रस्ताव पेश गर्न सक्नेछ र पेश हुन आएको प्रस्ताव उपर पार्किङ्ग स्थल व्यवस्थापन तथा नियमन समितिको सिफारिसमा नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

ङ) पार्किङ्ग निषेध गरिएका स्थानमा पार्किङ्ग गरेमा प्रचलित कानुन बमोजिम जरिवाना लाग्नेछ। जरिवाना रकम संकलन कार्य नगरपालिकाबाट खटाएका कर्मचारीले गर्नेछन्।

**५. स-शुल्क निजी सवारी पार्किङ्ग स्थल सञ्चालनका लागि आवश्यक शर्तहरू**

क) कुनै व्यक्ति वा संस्थाले सवारी पार्किङ्ग स्थल सञ्चालन गर्न चाहेको स्थान न्युनतम एक वर्षका लागि उपलब्ध गराउनु पर्नेछ। म्याद समाप्त हुनुपूर्व पार्किङ्ग स्थल व्यवस्थापन तथा नियमन समितिको सिफारिसमा नविकरण गर्नुपर्ने छ।

ख) नगरपालिकाले सडक पार्किङ्ग निषेध गरेको क्षेत्रबाट सवारी पार्किङ्ग स्थल सञ्चालन भएको

स्थानसम्म जाने र पार्किङ्ग क्षेत्रमा प्रवेश गर्ने नाकाहरूको बारेमा सूचना पाटी राख्ने कार्य पार्किङ्ग सञ्चालकको हुनेछ।

ग) पार्किङ्गको लागि अत्यावश्यक क्षेत्रको स्थानमा ढल निकास, बाटो निर्माण, बिजुली बत्ति आदि नभएको अवस्थामा नगरपालिकाले पूर्वाधार निर्माण गर्नेछ।

घ) पार्किङ्ग व्यवस्थापन गर्ने व्यक्ति वा संस्थाले नियमानुसार नगरपालिकामा व्यवसाय दर्ता गरी व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

ङ) पार्किङ्ग शुल्कको दर (घण्टा/दैनिक/मासिक/दिवा/रात्रीकालीन) सार्वजनिकरण गर्नु पर्नेछ।

छ) पार्किङ्ग स्थानको बनावटको विवरण नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ।

च) सवारी साधन पार्किङ्ग स्थल निर्माण तथा व्यवस्थापनको जिम्मा सञ्चालक स्वयंको हुनेछ।

छ) पार्किङ्ग स्थलमा शौचालयको व्यवस्था गर्नुपर्नेछ।

ज) सवारी साधन सुरक्षाका लागि पार्किङ्ग स्थलमा सीसीटीभी तथा जनशक्ति आदिको व्यवस्था मिलाउनु पर्नेछ।

झ) न्युनतम चारपाङ्गे सवारी साधन (बस,कार, जिप, भ्यान आदि) बिस वटा र दुईपाङ्गे (मोटर-साईकल, स्कुटर जस्ता साधन) एकसय वटा अट्ने स्थान हुनुपर्नेछ।

ञ) विद्युतीय सवारी साधनको लागि चार्जिङ स्टेशन स्थापना र सो को शुल्क निर्धारण सम्बन्धित निकायको समन्वयमा गर्न सकिने छ।

ट) सम्बन्धित वडा कार्यालय तथा ट्राफिक प्रहरी समेतको समन्वय र सरोकारवाला पक्षहरूसँगको सहकार्यमा आवश्यकता अनुसार सडकको एकातर्फ निःशुल्क पार्किङ्ग व्यवस्था मिलाउन सकिने छ।

## ६. सवारी साधन पार्किङ्ग शुल्कको दररेट

क) सवारी साधनहरूको पार्किङ्ग शुल्क लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ।

ख) अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सवारी साधनहरू र एम्बुलेन्सलाई पार्किङ्ग शुल्क लाग्ने छैन।

ग) लिफ्ट वा आधुनिक प्रविधि प्रयोगगरी एकै स्थानमा धेरै सवारी साधन पार्किङ्ग गर्ने गरी

सञ्चालन गरिने व्यवसायलाई व्यवसायमा लाग्ने व्यवसाय करमा नगरपालिकाले प्रोत्साहन स्वरूप छुट प्रदान गर्न सक्ने छ।

७. यस कार्यविधिमा उल्लेख भएका ब्यबस्थाहरू निजी दुईपाङ्गे र चारपाङ्गे सवारी साधनको हकमा मात्र लागु हुनेछ। कुनै ब्यक्ति वा संस्थाले इजाजत लिई पार्किङ्ग व्यावसाय सञ्चालन गर्दा यो कार्यविधि आकर्षित हुनेछ।

८. लुम्बिनी साँस्कृतिक नगरपालिकाले कुनै ब्यक्ति वा संघ संस्थासंग पार्किङ्ग प्रयोजनका लागी जग्गा खरिद गर्दा वा लिजमा लिदा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को परिधि भित्र रहेर गर्नु पर्नेछ।

**९. निजी क्षेत्रलाई जिम्मा लगाउन सकिने**

क) लुम्बिनी साँस्कृतिक नगरपालिकाको आफ्नो पार्किङ्ग स्थल व्यवस्थित नहुँदासम्मका लागि नगरपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था अनुसार दररेट उठाउने गरी निजी क्षेत्रको जग्गामा पार्किङ्ग व्यवस्थापन गरी ठेक्का लगाउन सक्नेछ।

ख) दफा ९ क बमोजिम ठेक्का लगाउदा राजस्व परामर्श समितिले सिफारिस गरे अनुसारको न्युनतम मुल्याङ्कन रकमलाई आधार मानी ठेक्का बन्दोवस्त गर्न सक्नेछ।

ग) निजी क्षेत्रले आफ्नो जग्गा वा आफुले अन्य व्यक्ति वा फर्म वा संघ संस्थाबाट जग्गा लिजमा लिएर पनि व्यवस्थित गर्न सक्नेछ।

घ) कुनै व्यक्ति वा फर्म वा संघ सस्थाले आफुले कबोल गरेको कबोल अंकको ५० प्रतिशत बराबरको रकम नगरपालिकाको राजस्व खातामा जम्मा गरी बाँकीको सम्झौता अवधि सम्मको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पेश गरेपछि मात्र सम्झौता गरिनेछ। बाँकी रकम सम्झौत सकिने अवधिको ६ महिना अगाडी जम्मा गरिसक्नुपर्नेछ।

**१०. समायावधी थप गर्न सकिने**

दफा ९ बमोजिम पार्किङ्ग स्थलका लागि निजी क्षेत्रलाई जिम्मा लगाईएको हकमा हरेक बर्ष कबोल अंकको १० प्रतिशत रकम वृद्धि गरी सम्झौताको समयावधी समितिको सिफारिस

बमोजिम थप गर्न सकिनेछ।

११. यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा व्यवधान उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार लुम्बिनी साँस्कृतिक नगरपालिकामा निहीत रहने छ।

१२. यस कार्यविधिमा उल्लेखित विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएका बिषयवस्तुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

आज्ञाले
तारा ज्ञवाली
प्रमुख प्रशासकिय अधिकृत